२. खण्ड (१) बमोजिमका सामान झिकाउँदा निम्नबमोजिम सुविधा दिने–

(क) विदेशी मुद्रा सटही सुविधा,

(ख) जीपमा भन्सार महसूल पैठारी मूल्यको १० प्रतिशत लिई बिक्रीकर पूरै छूट दिने,

(ग) अरू सामानमा भन्सार महसूल पैठारी मूल्यको १ प्रतिशत लिई बिक्रीकर पूरै छुट दिने ।

३. एक पटक यस्तो सुविधा प्रदान गरेको पाँच वर्ष नपुगी पुनः अर्को थप सुविधा नदिने ।

४. काठमाडौं नगर पञ्चायतले झिकाएको फैंगशाव १८०, १८ हर्स पावरको २ टनको ट्रेलर सहितको ट्रेक्टर थान ३८ मा यो एक पटकको लागि भन्सार महसूल पैठारी मूल्यको १ प्रतिशत लिई बिक्रीकर पूरै छूट दिने । अरू नगर पञ्चायतहरूलाई वडाको संख्या अनुसार ट्रेक्टरको संख्या र जगेडाको लागि थप बढीमा ५ वटासम्म पैठारी गरेकोमा यो सुविधा प्रदान गर्ने ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्ले सामाजिक सेवा भवन निर्माण कार्यको लागि भारतबाट खरीद गरी पैठारी गर्ने भा.रू. १,२९,४७०।– मूल्य बराबरको डिष्ट्रिव्युशन ट्रान्सफर्मर एवं एच.भी. केवलमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्ले सामाजिक सेवा मन्दिर भवन निर्माणको लागि बेलायतबाट खरीद गरी आयात गर्ने स्टर्लिङ पाउण्ड १८०६६।४० मूल्य बराबरको विभिन्न आईटमका स्वीचवोर्डको सामानहरूको पैठारीमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।